
बाल सन्दर्भसामग्री

**बालबोध - ३२**

# एकादेशमा

(बालकथाहरुको सँगालो)



891.495
DIX-a
2059

बाल सन्दर्भसामग्री

बालबोध - ३२

891.495
DIX-a
2059

# एकादेशमा

(बालकथाहरूको सँगालो)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**सङ्कलन तथा पुनर्लेखन :** उषा दीक्षित

**चित्राङ्कन :** अवीन्द्रमान श्रेष्ठ

**आवरण तथा रूपविन्यास :** नवीन्द्र राजभण्डारी

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

Ac·1042

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौं

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये वाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकवाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्तत: व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि वढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि वढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भापा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई वढाई विद्यार्थीहरूलाई विद्याव्यसनी वनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने वानी वसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित वनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।


यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अव तीन दर्जन भन्दा वढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त वनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र वनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्वाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।


शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर

२०५९

# विषयक्रम




१. गुन गरे सुन मिल्छ १


२. हनुमानको चमत्कार ५





३. इच्छाबहादुरको इच्छा ८





४. कस्तो जादु ! १२






५. मूर्ख साथी १७




६. भाइ फुटे गँवार लुटे २०

# १ गुन गरे सुन मिल्छ

एक जना बूढीआमै फलफूलको टोकरी टाउकामा राख्दै मथुरा भन्ने ठाउँको घर-घर चहार्थिन् । "सस्तोमा मीठा-मीठा फलफूल" भन्दै उनी कराइरहेकी थिइन् । तर कसैले उनका फलफूल किनेन । आज भगवान्ले मलाई भोकै राख्ने भए भन्दै उनी हिँडिरहिन् ।



हिँड्दा-हिँड्दा उनी धेरै थाकिन् । यत्तिकैमा एउटा ठूलो घरमा उनको आँखा पऱ्यो । उनी त्यहीँको एउटा रूखको छहारीमा बसिन् । टोकरी पनि भुइँमा राखिन् । धोतीको सप्काले पसिना पुछिन् ।



त्यो घर सुनसान देखिन्थ्यो । कतै कुनै आवाज सुनिंदैनथ्यो । तैपनि बूढीआमै "मीठा-मीठा फलफूल" भन्दै कराइरहिन ।

यत्तिकैमा एउटा सात-आठ वर्षको बालक त्यस घरको आँगनमा देखियो । ऊ सान्है राम्रो थियो । उसले शरीरमा विभिन्न किसिमका माला र कपालमा एउटा मयूरको प्वाँख पनि लगाएको थियो । वालक ती बूढीआमैको आगाडि आयो र भन्यो, मलाई यी फलफूल दिनुहोस्, आमा ।"

बूढी - तिमीलाई कति चाहियो, बाबु ?

वालक - मलाई यस टोकरीमा भएका सबै फलफूल दिनुहोस् ।

बूढी -	मैले तिमीलाई यी फलफूल दिएपछि तिमीले मलाई पैसा दिनुपर्छ ।


बालक - आमा, मसँग पैसा छैन ।

बुढी -	पैसा नभए धान त होला नि ?

बालक - धान पनि छैन । मेरी आमा त मलाई कति कुरा दिनुहुन्छ तर त्यसको साटो कुनै कुरा माग्नुहुन्न । गोपिनीहरू पनि सधैं मलाई नौनी ख्वाउँछन् तर त्यसको साटो केही माग्दैनन् ।

यति भन्दै त्यो बालक बूढीआमाको काखमा बस्यो । बूढीआमालाई बालकप्रति निकै माया जाग्यो । उनले फलफूलको पोको बालकको हातमा राखिदिइन् । उनले भनिन्, “यी सबै फलफूल तिमी लैजाऊ ।”

बालक फलफूलको पोको लिएर भित्रतिर लाग्यो । बूढीआमा हलुको टोकरी टाउकामा राखी घरतिर लागिन् ।





उनी घर पुग्न लाग्दा टोकरी एकदमै गन्हौं भइसकेको थियो । बूढी आमाले सकिनसकी टोकरी भुइँमा राखिन् । टोकरी छोपेको रुमाल हटाइन् । रुमाल खोल्दा त टोकरी हिरामोतीले टनाटन भरिएको थियो ।

बूढीआमासँग फलफूल माग्ने बालक भगवान् श्रीकृष्ण थिए । बूढीआमाले बालकप्रति दया गरेर फलफूल दिइन् । भगवान्ले उनलाई दया गरेर त्यति धेरै धनदौलत दिए । गुन गरे सुन मिल्छ भनेको यही हो ।

# २ हनुमानको चमत्कार



हनुमान सानैदेखि वीर थिए । उनी राम्रा, ज्ञानी र बुद्धिमान थिए । उनी जुनसुकै काम पनि गर्न सक्थे, जस्तोसुकै रूप पनि लिन सक्थे । उनी आकाशमा चाहेजति माथि-माथि उड्न सक्थे । भुसुनाजस्तो एकदमै सानो हुन सक्थे । पहाडजस्तो एकदमै ठूलो शरीर बनाउन पनि सक्थे ।



सानै उमेरको हुँदा एक दिन हनुमान घुम्नका लागि आफ्नो घरबाट निस्के । बिहानीपख भएकोले चिसो हावा सर्र-सर्र चल्दै थियो । वरिपरि फूलहरू झुलिरहेका थिए । उनी हिँड्दा हिँड्दै निकै पर पुगे । पर . . . उनले भर्खर उदाउन लागेका रातो सूर्य देखे ।



त्यस सूर्यलाई उनले रातो फल भन्ठाने । जति टाढा पुगे पनि त्यस फललाई छुन नसकेकाले उनी आकाशमा माथि-माथि उड्न थाले । उड्दा-उड्दा आखिर उनी सूर्यको अगाडि पुगे र मीठो फल सम्झेर सूर्यलाई निले ।




उदाउन लागेका सूर्यलाई हनुमानले निल्दिएपछि चारैतिर अन्धकार भयो । देवता, मानिस, पशुपक्षी, कीरा-फट्याङ्ग्रा र बोटबिरुवा सबैमा हाहाकार मच्चियो । यस सङ्कटबाट कसले रक्षा गर्न सक्छ भन्दै सबै यताउता दौडिन थाले ।




हनुमानको मुखबाट सूर्यलाई बाहिर ल्याउन सक्ने शक्ति कसैमा थिएन । त्यसैले सबै मिलेर हनुमानसँग प्रार्थना गर्न थाले । सूर्यलाई छाडिदिनुहोस् भन्दै विन्ती गर्न थाले । बाल-हनुमान यस प्रार्थनाबाट खुसी भए । उनले सबैको भलो हुने काम गर्नुपर्छ भन्ने ठाने । उनले आफूले निलेको सूर्यलाई ओकलिदिए । चारैतिर उज्यालो भयो । सबै देवताहरूले बाल-हनुमानलाई आशीर्वाद दिए । सबैलाई खुसी बनाई हनुमान आफ्ना आमा-बाबुकहाँ गए ।






# ३ इच्छाबहादुरको इच्छा



एकादेशमा इच्छावहादुर भन्ने एक जना मान्छे थियो । उसको परिवारमा उसकी स्वास्नी मात्र थिई । उनीहरू गाउँमा बस्थे । गाउँमा उनीहरूको एउटा चिटिक्क परेको घर थियो । दुईजनाको जहानलाई पुग्ने जग्गा पनि थियो । दुवै लोग्ने-स्वास्नी मिलेर दिनभरि आफ्नो खेतबारीमा काम गर्थे । अनि दुवैजना मिलेर विहान बेलुका आफ्नो घरको काम गर्थे । खेतमा वालीनाली झुलिरहेका हुन्थे । बारीमा सागपात र तरकारी लहलह भइरहेका हुन्थे । उनीहरूलाई खान र लाउन कुनै कमी थिएन ।

इच्छाबहादुरलाई भने कहिले सन्तोष थिएन । ऊ सधैं कसरी धनी वन्ने भन्ने चिन्तामा डुबिरहन्थ्यो । धेरै पैसा भएर मात्र सुखी हुन सकिन्छ भन्ने उसको विचार थियो ।



एक दिन त्यस देशका राजाले आफ्ना सबै जनतालाई टुँडिखेलमा जम्मा हुने आदेश दिए । राजाको घोषणा सुन्न टाढा-टाढावाट मानिसहरू आई त्यहाँ भेला भए । इच्छावहादुर पनि त्यहाँ पुग्यो ।

राजा पनि आइपुगे । आफ्ना जनताहरूलाई सम्बोधन गर्दै राजाले भने, “प्यारा देशवासीहरू, भोलि बिहान सूर्य उदाएदेखि सूर्य नअस्ताउन्जेलसम्म तिमीहरूले मेरो जग्गामा जति दौडिन सक्छौ त्यो जमिन तिमीहरूको हुनेछ । तिमीहरूको गोडाले टेकेको भाग म तिमीहरूलाई पुरस्कार दिनेछु ।”

राजाको कुरा सुनेर सबै खुसी भए । उनीहरू कहिले भोलि बिहान होला भनी आ-आफ्ना घरतिर गए ।

इच्छाबहादुरले घर आएर सबै कुरा स्वास्नीलाई सुनायो । स्वास्नीले भनी, “हामीले गर्न सक्ने जति जग्गा-जमिन हामीसँगै छ । चाहिनेभन्दा बढी भएर पनि के गर्नु छ र ?”

तर इच्छाबहादुरले स्वास्नीको कुरामा ध्यानै दिएन । कहिले बिहान होला र दौडिन सुरु गरुँला भन्ने ध्याउन्नमा नै उसले रात छर्लङ्ग बितायो ।



सूर्य उदाउनुभन्दा पहिले नै इच्छावहादुर र अरू मानिसहरू तोकिएको ठाउँमा पुगिसकेका थिए। सूर्य उदाए। सबैले दौडिन सुरु गरे।

कोही विहानभरि दौडिए। कोही दिउँसोसम्म दौडिए। तर इच्छावहादुर भने एक्कैछिन पनि नरोकिईकन दौडिरह्यो। ऊ बीच-बीचमा पछाडि फर्केर हेर्थ्यो। उसले धेरै जग्गा पार गरिसकेको थियो। भोक, प्यास र थकाइले ऊ लस्त भइसकेको थियो। तैपनि उसको मन मानेन। धेरै जग्गा पाउने उसको इच्छा मरेन। ऊ सकिनसकी अझै दौडियो।

सूर्य अस्ताए। राजाले तोकेको समय सकियो। उसले धेरै जग्गा पाउने भयो। तर त्यति धेरै जग्गा उसलाई के काम! धेरै दौडेकोले उसको मुटु नै फुटेछ। ऊ त्यहीं मऱ्यो।



वढी लोभ गर्नाले इच्छावहादुरले अकालमा ज्यान गुमायो


# ४ कस्तो जादु !



धेरै वर्ष पहिलेको कुरा . . .


भारतको शिरडी भन्ने गाउँमा एक जना साधु हुनुहुन्थ्यो । उहाँ शिरडीको एउटा पुरानो र थोत्रो मस्जिदमा बस्नुहुन्थ्यो । सबैले उहाँलाई *'साई बाबा'* भनेर बोलाउने गर्थे ।

साई वाबालाई प्रकाश असाध्यै मन पर्‍यो । हरेक दिन साँझ पर्नासाथ उहाँ दियोमा बत्ती बाल्नुहुन्थ्यो । वरिपरि झलमल्लसँग बलेका बत्तीहरूले मस्जिद धपक्क बल्लाजस्तो देखिन्थ्यो ।




बत्ती बाल्नका लागि साई बाबा सानो सिसीमा तेल राख्नुहुन्थ्यो । उहाँ हरेक दिन त्यही सिसी लिएर तेल बेच्ने पसलेहरूसँग तेल माग्न जानुहुन्थ्यो । सबैले त्यही सिसीमा अलि-अलि तेल हालिदिन्थे । अनि मस्जिदमा फर्केर त्यही तेलमा बत्ती बाल्नुहुन्थ्यो ।

सधैँजस्तो एक दिन साई बाबा सिसी लिएर तेल माग्न निस्कनुभयो । तर त्यो दिन कुनै पनि पसलेले उहाँलाई तेल दिएनन् । सबैले 'आज तेल छैन' भनी ढाँटेर बाबालाई फर्काइदिए ।



बाबा पनि कसैलाई केही नभनी मस्जिदतिर फर्कनुभयो । ती पसलेहरू 'बाबाले आज कसरी बत्ती बाल्दा रहेछन् हेरौँ न त' भन्दै बाबाको पछि लागे ।

बाबा मस्जिदमा आइपुग्नुभयो । मस्जिदभित्र पस्ने ठाउँमा एउटा ठूलो भाँडोमा पानी राखिएको थियो । एक मग पानी झिकेर बाबाले गोडा धुनुभयो ।



फेरि एक मग पानी झिकेर बाबाले तेलको सिसीमा खन्याउनुभयो । त्यसपछि उहाँले त्यो तेल मिसिएको पानी घटघट खानुभयो । बाबाले फेरि अर्को एक मग पानी झिकेर बत्तीका दियोहरूमा खन्याउनुभयो । बत्ती सधैँजस्तै झलमल्ल भएर मस्जिदका वरिपरि बल्न थाले ।

पसलेहरू बाबाका यी कामहरू हेरिरहेकै थिए । तेलको साटो पानीबाट बत्ती बालेको देख्दा उनीहरूलाई निकै अचम्म लाग्यो । उनीहरू 'यो कस्तो जादु' भन्न थाले । बाबालाई ढाँटेकोमा उनीहरूलाई साह्रो लाज लाग्यो ।



'बाबा हामीलाई माफ गर्नुहोस्' भन्दै उनीहरू बाबाको पाउमा परे । बाबाले पनि उनीहरूलाई 'सधैँ साँचो बोल्नू' भनी क्षमा गर्नुभयो ।


# ५ मूर्ख साथी

एकादेशमा सुरवीर नाम गरेका एक जना राजा थिए । तिनको वेसुर नाम गरेको एउटा छोरो थियो । राजाको एक्लो सन्तान भएकाले उसले जे इच्छा गरे पनि राजाले त्यो इच्छा पुऱ्याइदिन्थे ।



बेसुरका थुप्रै साथीहरू थिए । ऊसँग थुप्रै खेलकुदका सामानहरू थिए । लुगाफाटा असङ्ख्य थिए । कुकुर, घोडा, हात्ती, चराचुरुङ्गीजस्ता पाल्तु जनावरहरू पनि थिए । तर पनि ऊ खुसी थिएन । उसले राजासँग एउटा बाँदर ल्याइदिनुस् भनेर जिद्दी गर्न थाल्यो । राजाले पनि एउटा सानो बाँदर ल्याइदिए ।

बेसुर र बाँदर सँगै खान्थे, सँगै खेल्थे र सँगै सुत्थे । बाँदरले खाएन भने बेसुर पनि केही खान मान्दैनथ्यो । बाँदरलाई बेसुर साँच्चै माया गर्थ्यो । बाँदर साथी पाएकाले बेसुर खूब खुसी थियो ।




एकदिन घुम्दाघुम्दै बाँदर र बेसुर एउटा रूखमुनि पुगे । त्यहाँ शितल थियो । बेसुरले एक्कैछिन पल्टिने इच्छा गऱ्यो र बाँदरकै काखमा निदायो ।

केहीबेरमै एउटा झिङ्गो बेसुरको नाकमाथि उड्न थाल्यो । बाँदरले झिङ्गोलाई भन्यो, "हेर है झिङ्गो, मेरो साथीलाई दुःख दिन नआइज । नत्र मेरो मुड्की खानुपर्ला ।"


झिङ्गो पनि के कम । उसले जवाफ दियो, "रमाइलोसँग घुम्न पनि नपाउनु ? मेरो काम नै जहाँ मन लाग्यो त्यहाँ उड्नु हो । मलाई मुड्की दिन गाह्रै पर्ला ।"

झिङ्गोको कुरा सुनेर बाँदरलाई रिस उठ्यो । उता झिङ्गो भने भन्-भन् भुन्भुनिँदै बेसुरको नाकैमाथि बस्न गयो ।



बाँदरले पनि 'ल थाप मेरो मुड्की' भन्दै झिङ्गोमाथि एक मुड्की हान्यो । झिङ्गो त उडेर गइहाल्यो । बाँदरको मुड्कीको प्रहारले बेसुर भसङ्ग भएर ब्युँभियो । उसको नाकबाट रगत बग्न थाल्यो । मूर्ख साथीको सङ्गतको फल बेसुरले पायो ।

# ६ भाइ फुटे गँवार लुटे




एकादेशमा झिल्के र मिल्के नामका दुइटा कुकुरहरू थिए । उनीहरू मिल्ने साथी थिए ।

एक दिन उनीहरूले बाटोमा सिङ्गो पाउरोटी भेट्टाए । उनीहरू अति खुसी भए । तर पाउरोटी कसरी भाग लगाउने भन्नेबारे उनीहरूबीच कुरा मिलेन । झिल्के आफ्नो भागमा बढी परोस् भन्ने चाहन्थ्यो । मिल्के पनि आफैँलाई बढी परोस् भन्ने चाहन्थ्यो । उनीहरूले तराजुमा जोखेर रोटी बराबर भाग लगाउने विचार गरे ।

1042


झिल्के र मिल्केले पाउरोटी आधा-आधा गरी तराजुको दुवैतिर राखे । कहिले एकापट्टिको गऱ्हौं हुन्थ्यो, कहिले अर्कोपट्टिको । जोख्दाजोख्दा उनीहरूलाई रिस उठ्न थाल्यो र आपसमा झगडा गर्न थाले ।

यत्तिकैमा पल्के नाम भएको बिरालो टुपुलुक्क त्यहाँ आइपुग्यो । पल्के आएको देखेर झिल्के र मिल्केले एकै साथ भने, “पल्के, हामीलाई मद्दत गर न । हामीले यो पाउरोटी बराबर गरी जोख्नै जानेनौं । यति जोखी देऊ न ।”




Ac 1042

पल्केले पनि हुन्छ भन्यो र पाउरोटी जोख्न थाल्यो । जोख्दा जुन भागमा बढी हुन्थ्यो त्यस भागबाट झिकेर म्याउँ गर्दै पल्के आफ्नो मुखमा हाल्थ्यो ।



यसरी जोख्दा जोख्दै पाउरोटी कम हुँदै गयो र आखिरमा बाँकी रहेको एक टुक्रा पनि पल्केले आफ्नो मुखमा हाली कुलेलम ठोक्यो । झिल्के र मिल्के हेरेको हेर्‍यै भए । भाइ फुटे गँवार लुटे भनेको यही हो ।

# विचार पुऱ्याऔं है





सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिँडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९